स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य

मासिक समाचारपत्र

अंक २५, वर्ष २, २०८२ असोज ७, ने. सं. ११४५ कौलाथ्व, मंगलवार

## यस अंकका मुख्य विषयवस्तुहरु

१) आ. ब. २०८१/०८२ मा संचालित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न।
२) खोप कार्यक्रमको प्रगति प्रतिशत।
३) आ. व. ८१।०८२ को खोप कार्यक्रमको प्रगतिको आधारमा स्थानीय तहहरुको बर्गिकरण
४) आ. व. ८१।०८२ मा घरमा सुत्केरी हुने महिलाहरुको संख्या।
५) आ. व. ८१।०८२ मा अधिकतम र न्यूनतम सुत्केरी गराएका बर्थिङ् सेन्टरहरु।
६) आ. व. ८१।०८२ मा जिल्लामा देखिएका मुख्य १० रोगहरु

## आ. ब. २०८१/०८२ मा संचालित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यालय, प्यूठानको आ. ब. २०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम वमोजिम जिल्ला भर आर्थिक बर्ष २०८१।०८२ मा संचालित स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरीय बार्षिक समिक्षा कार्यक्रम स्वास्थ्य कार्यालय प्यूठानको सभाहलमा मितिः २०८२।०५।२४ गतेका दिन सञ्चालन गरिएको थियो। कार्यक्रम स्वास्थ्य कार्यालय प्यूठानका नि. प्रमुख मधुसुधन खड्काको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख धरम बहादुर जि. सी.को प्रमुख आतिथ्यता, प्यूठान अस्पतालका नि. मेडिकल सुपरिटेण्डेन्ट डा. सुवास पौडेलको विशेष आतिथ्यता र नेपाल पत्रकार महासंघ प्यूठान शाखाका अध्यक्ष श्रीराम भण्डारी, जिल्लाका नौ वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र शाखामा कार्यरत अन्य स्वास्थ्यकर्मिहरु, स्वास्थ्य कार्यालय





प्यूठानका सवै कार्यक्रम फोकल पर्सनहरु तथा जिल्लाको स्वास्थ्यको क्षेत्रमा कामगर्ने सरकारी तथा गैरसरकारी संघ/संस्थाका प्रतिनिधिहरु सहितको उपस्थितिमा संचालन गरिएको थियो। कार्यक्रममा स्थानीय तहहरुको तर्फबाट आआफ्नो स्थानीय तह अन्तर्गत आ. ब. २०८१।८२ मा संचालित स्वास्थ्य कार्यक्रमहरुको बारेमा प्रस्तुतिकरण गरिएको थियो भने उक्त प्रस्तुतिकरणमा छलफल गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउने बारेमा छलफल समेत गरिएको थियो। उक्त जिल्ला स्तरीय समिक्षा हुनु पूर्व जिल्लाका सबै स्थानीय तहहरुमा मातहतका स्वास्थ्य संस्था प्रमुखहरु सहितको उपस्थितिमा आआफ्नो स्थानीय तह अन्तर्गत आ. व. २०८१।८२ मा संचालित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको थियो।




“बिहेबारी २० बर्ष पारी” केटा र केटीको उमेर २० बर्ष नपुगी गरिने जुनसुकै बिबाह दण्डनीय अपराध हो।

## खोप कार्यक्रमको प्रगति प्रतिशत (अनुमानित लक्षित जनसंख्याको आधारमा)





## आ. व. ८१।०८२ को खोप कार्यक्रमको प्रगतिको आधारमा स्थानीय तहहरुको बर्गिकरण





**"बिहेबारी २० बर्ष पारी" केटा र केटीको उमेर २० बर्ष नपुगी गरिने जुनसुकै बिबाह दण्डनीय अपराध हो।**

## आ. व. ८१।०८२ मा घरमा सुत्केरी हुने महिलाहरुको संख्या




## आ. व. ८१।०८२ मा अधिकतम र न्यूनतम सुत्केरी गराएका बर्थिङ् सेन्टरहरु



**“बिहेबारी २० बर्ष पारी” केटा र केटीको उमेर २० बर्ष नपुगी गरिने जुनसुकै बिबाह दण्डनीय अपराध हो।**

# झाडापखाला, हैजा र डेंगीबाट बचौं

**अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सढेगलेका खानेकुरा नखाऔं,
- खानालाई छोपेर राखौं,
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं



**साथै खुल्ला रुपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।**

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:**



- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
- पुरै शरिर ढाक्ने लुगा लगाउन र सचेत रहन अनुरोध गर्दछौं।

**साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## आ. व. ८१।०८२ मा जिल्लामा देखिएका मुख्य १० रोगहरु

| सि.नं. | मुख्य १० वटा रोगहरुको नाम | बिरामी संख्या |
|---|---|---|
| 1 | Common Symptoms-Fever | 19,477 |
| 2 | Upper Respiratory Tract Infection (URTI) | 17,763 |
| 3 | Gastritis (APD) | 16,557 |
| 4 | Headache | 15,314 |
| 5 | Cut injuries | 11,749 |
| 6 | Cough | 10,952 |
| 7 | Diarrhoea Cases | 9,027 |
| 8 | Lower Respiratory Tract Infection (LRTI) Cases | 8,278 |
| 9 | Backache(Muskuloskeletal Pain) | 6,316 |
| 10 | Hypertension | 6,140 |

## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले आ व २०८०।८१ को सुरुवात सँगै सुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको २५ औं अंक प्रकाशन गर्न लागेको छ। भदौ महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी जानकारिहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्वन्धि मासिक गतिविधिहरु र आगामी दिनमा सन्चालन हुन गईरहेका स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको बारेमा र समग्र स्वास्थ्य कार्यालयबाट संञ्चालित कार्यक्रमहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ । यस खवरपत्रिका लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ।।